जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
०५३-४१२१७३
जीतपुर, बारा
प्रदेश नं. २ नेपाल

पत्र संख्या : ०७५/०७६
चलानी नं. २३५८

मितिः २०७५।१०।१३

श्री सामुदायिक विद्यालयहरु (सबै)
जीतपुरसिमरा उपमहानगरपालिका, बारा।

विषयः विपन्न लक्षित फाराम भर्ने भराउने सम्बन्धमा।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४३० मिति २०७५।१०।०८ को पत्रानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिले विद्यार्थीहरुको आवश्यकता पहिचान गरी विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम रहेको हुँदा सामुदायिक विद्यालयहरुले कक्षा ८, कक्षा १० र कक्षा ११ का विद्यार्थीहरुको www.iemis.doe.gov.np बाट फाराम भर्ने भराउने भनी लेखी आएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ। साथै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पत्र पाना २ यसै साथ संलग्न छ।

०७५।१०।१३
शाखा अधिकृत

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

प.सं.:- २०७५/०७६
च.नं. ३०

फोन :०१-६६३३६२५
फ्याक्स : ०१-६६३३६२५

मिति : २०७५/०९/१२

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

विषय : विपन्न लक्षित फाराम भर्ने भराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिले विद्यार्थीहरूको आवश्यकता पहिचान गरी विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम रहेको हुँदा नेपाल भरका सामुदायिक विद्यालयहरूले कक्षा ८, कक्षा १० र कक्षा ११ का विद्यार्थीहरूले फाराम भर्ने तथा भराइने सम्बन्धमा मिति २०७५/०६/१६, २०७५/०७/१६ , २०७५/०८/०१ र २०७५/०९/०१ गतेको गोरखापत्रमा सूचना प्रकाशित भइसकेको छ । सो सम्बन्धमा स्थानीय निकायहरूले सामुदायिक विद्यालयहरूलाई अनलाइन फाराम https://iemis.doe.gov.np बाट प्राप्त गरी भराउन विद्यालयहरूलाई जानकारी गराउने सम्बन्धमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सहयोग र समन्वयका लागि पत्राचार गरिदिनुहुन निर्देशानुसार अनुरोध छ । साथै विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न विद्यार्थी तथा विद्यालयले पुरा गर्नुपर्ने प्रक्रिया तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

खगेन्द्रबहादुर सिंह
निर्देशक

तपसिल

**१) फारम भर्ने विद्यार्थी तथा भराउने विद्यालयले ध्यान दिनुपर्ने कुराहरू**

क) विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिमा हुने विद्यार्थीको नाम र विद्यालयले शैक्षिक तथ्याङ्क (Flash Report) मा उल्लेख भएको Student ID मा भएको विद्यार्थीको नाम एकै हुनेगरी पद्धति विकास गरिएकोले Student ID नभरेका विद्यालयहरूले छात्रवृत्ति फारम भर्नभराउन सक्ने छैनन् ।

ख) Student ID भर्न भराउन छुटेका विद्यालयहरूलाई थप १५ दिनको म्याद थप गरी Student ID भर्न भराउन र सोही अनुसार विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्ने फाराम भर्ने व्यवस्था गरिएको छ ।

ग) Student ID मा छुटेका विद्यार्थीहरूलाई हालको वर्षमा विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न भर्ने फाराममा विद्यार्थीको विवरण हाल्ने व्यवस्था भएको तर अर्को सालदेखि सो व्यवस्था पनि हटाइने छ । तसर्थ आगामी शैक्षिक सत्रदेखि Student ID भएको विद्यार्थीले मात्रै विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ ।

घ) विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिलाई आवश्यक पर्ने कक्षा ८, कक्षा १०, कक्षा ११ का विद्यार्थीहरूको मात्रै विवरण Student ID मा भर्ने भराउने र सोही आधारमा विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिको छात्रवृत्तिको तथ्याङ्क भर्ने भराउने अवस्था भेटिएमा त्यस्ता विद्यालयको तथ्याङ्क खारेज हुने हुँदा त्यस्ता विद्यालयका विद्यार्थीहरूले छात्रवृत्ति पाउन सक्ने छैनन् ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

प.सं.:- २०७५/०७६
च.नं.

फोन :०१-६६३३६२५
फ्याक्स : ०१-६६३३६२५

२) विद्यालयले अनलाइन फारम भर्न एक्सेल प्राप्त गर्ने तरीका

(क) विद्यालयसँग Web-based IEMIS मार्फत दिइएको पासवर्ड हुनुपर्ने छ । सो पासवर्ड थाहा नभएमा वा बिर्सिएमा सम्बन्धित स्थानीय तहमार्फत प्राप्त गर्न सकिनेछ । यससम्बन्धी कुनै द्विविधा वा कठिनाइ भएमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखामा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

(ख) Web based EMIS को होम पेजमा जानको लागि iemis.doe.gov.np (http र www नहाल्ने अहिलेको लागि) मा जाने र आफनो विद्यालयको कोड र पासवर्ड हालेर लगिन गर्नुपर्नेछ ।

(ग) लगिन भैसकेपछि बाँयापट्टि Export Excels भन्ने बटन देखिन्छ , उक्त बटनमा त्यहाँ क्लिक गर्ने । Year 2075 हुनुपर्ने, कक्षामा ८, १० र ११ (विद्यालयमा चलेको कक्षा अनुसार) छान्ने । Exceltype मा PMT हुनुपर्ने । अब Go मा क्लिक गर्ने । यति गरिसकेपछि तपाईको computer मा PMT को एक्सेल आएर बस्दछ । सो एक्सेलमा तपाईले Student ID मार्फत भरेका कक्षा ८, कक्षा १० र कक्षा ११ का विद्यार्थीहरूको विवरण पुरै आउँदछ । अब छात्रवृत्तिका लागि चाहिने अन्य जानकारीहरू भर्ने भराउने । सो जानकारी भर्नभराउन चाहिने निर्देशन विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिको वेभसाइटबाट प्राप्त गर्न सकिनेछ ।

(घ) यस एक्सेलमा काम गरिसकेपछि सोही वेभसाइटमा आउने । Dashboard मा जाने । School Level IEMIS भनेको ठाउँमा PMT छान्ने । अनि एक्सेल अपलोड गर्नुपर्नेछ ।